सिटी डेभलपमेन्ट बैंक लिमिटेड

पोखरा-४, चिप्लेढुङ्गा

छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०६९।६।२२ (तदनुसार ८ अक्टोबर, २०१२) गते वसेको सञ्चालक समितिको ७९ औं वैठकको निर्णयानुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बैंकको **छैटौं वार्षिक साधारण सभा** बस्ने भएको हुँदा सम्बन्धित् सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

सभा हुने मिति	:	२०६९ साल कार्तिक २२ गते **(7 November, 2012)**, बुधवार ।
सभा शुरू हुने समय	:	बिहान ८:३० बजे ।
स्थान	:	दि फूलबारी रिसोर्ट एण्ड स्पा, पोखरा-१५, छिनेडाँडा ।

छलफलका विषयसूचीः

(क) सामान्य प्रस्ताव :

१. आ.ब. २०६८/०६९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०६९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६८।०६९ को नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस वमोजिम आ.ब. २०६९/०७० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, को दफा ६० को उपदफा (२) वमोजिम वर्तमान लेखापरीक्षक श्री बेकर टिल्ली, देव एसोशियट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पूँजीको १४ प्रतिशतले हुन आउने रकम कर सहित रू. ३०,८००,०००.०० (तीन करोड आठ लाख) मात्र नगद लाभांश बितरण गर्ने सम्वन्धि प्रस्ताव छलफल गरी पारित गर्ने (साधारण सभा प्रयोजनको लागि गरिने शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) का दिन कायम चुक्ता पूँजीलाई नगद लाभांस वितरणका लागि आधार मानिने) ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पूँजीको १५ प्रतिशतले हुन आउने रकम रू. ३३,०००,०००.०० (तीन करोड तीस लाख) बोनस शेयर बितरण गर्ने सम्वन्धि प्रस्ताव छलफल गरी पारित गर्ने (साधारण सभा प्रयोजनको लागि गरिने शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) का दिन कायम चुक्ता पूँजीलाई बोनस वितरणका लागि आधार मानिने) ।

२. वर्तमान चुक्ता पूँजि तथा जारी पूँजी २२ करोडलाई बृद्धि गरी रू. २५ करोड ३० लाख पुऱ्याउने तथा सोहि बमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरूमा आवश्यक संसोधन गर्ने ।

३. सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरूले सञ्चालक समितिको वैठकमा उपस्थित भए वापत पाउने भत्ता तथा बैकको काममा भ्रमण गर्दा प्रदान गरिने दैनिक भत्ता समय सापेक्ष हुने गरी वृद्धि गर्ने र सोही वमोजिम नियमावलीमा संशोधनको प्रस्ताव पारित गर्ने ।

४. उपरोक्त प्रस्तावहरू विभिन्न नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड आदिबाट स्वीकृत लिने वा अभिलेख गराउने सिलसिलामा यस साधारण सभाको तर्फबाट प्रबन्धपत्र, नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन समेतको कार्य गर्न सक्ने गरी बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव परित गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभासम्बन्धी अन्य जानकारी

१) छैटौं साधारण सभाको प्रयोजनका लागि बैंकको शेयर दाखिल खारेजको काम २०६९/७/०३ देखि २०६९/७/२२ गतेसम्म बन्द रहनेछ । मिति २०६९/७/२ गतेसम्ममा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई सात कार्य दिन भित्र सिटी डेभलपमेन्ट बैंकको शेयर रजिष्ट्रार श्री **एस क्यापिटल लिमिटेड, लालकोलनीमार्ग, लालदरवार, काठमाण्डौमा** शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरूले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश एवं बोनस शेयर लिन पाउनेछन् ।

२) सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यथाशक्य शेयरधनीको लगतमा कायम रहेको सम्वन्धित ठेगानामा हिसाव सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाइनेछ । सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरूले व्यक्तिगत सूचना साथै प्रेषित प्रवेश–पत्र वा आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचय–पत्र) अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३) सभामा भाग लिन वा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्वन्धि निवेदन (प्रोक्सी फारम) भरी वैंकको प्रधान कार्यालय, चिप्लेढुंगा, पोखरामा सभा शुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडी दर्ता गरी सक्नुपर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

४) सभामा भाग लिन प्रतिनिधी नियुक्त गरी सो को प्रतिनिधि–पत्र बैंकमा बुझाई सकेपछि प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सो को सूचना सभा शुरू हुनुभन्दा ४८ घण्टा अगावै बैंकको प्रधान कार्यालय चिप्लेढुङगामा वा एस् क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नुपर्नेछ र नयाँ प्रोक्सीको हकमा माथी बुंदा नं. ३) मा लेखिए वमोजिम हुनेछ ।

५) शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान ८.०० बजेदेखि नै खुल्ला गरिनेछ । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

६) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकलाई जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

७) अन्य जानकारीका लागि बैंकको शेयर रजिष्ट्रार श्री एस क्यापिटल लिमिटेड तथा बैंकको प्रधान कार्यालय, चिप्लेढुंगा, पोखरामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
सिटी डेभलपमेन्ट बैंक लिमिटेड,
चिप्लेढुङ्गा - ४, पोखरा ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला ..... न.पा./गा.वि.स. वडा नं. .....बस्ने म/हामी ..... ले त्यस बैंकको शेयरधनीको हैसियतले २०६९ साल कार्तिक महिना २२ गते बुधबारका दिन हुने छैटौं साधारण सभामा स्वयं उपस्थिति भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ..... जिल्ला ..... न.पा./गा.वि.स. ..... वडा नं. ..... बस्ने त्यस बैंकका शेयरधनी श्री ..... शेयर प्रमाण-पत्र नं. ..... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

निवेदक

दस्तखतः

नाम .....

ठेगानाः .....

क्रम संख्या : .....

शेयर प्रमाण-पत्र नं. : .....

कित्ता नं. ..... देखि ..... सम्म

मिति : .....

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको मुख्य कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

सिटी डेभलपमेण्ट बैंक लिमिटेड
CITY DEVELOPMENT BANK LIMITED

प्रवेश पत्र

शेयरधनीको नाम : .....

शेयर क्रम संख्या नं. : .....

शेयर संख्या : .....

शेयरधनीको सही : .....

कम्पनी सचिव :

छैटौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र

द्रष्टव्य :

१. शेयरधनी आफैले माथिका खाली ठाउँहरू भर्नुहोला ।

२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

विषय सूची

क्र.सं.	विवरण	पेज नं.
१	अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन	१
२	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ सम्बन्धी विवरण	९
३	लेखापरीक्षकको प्रतिवेदन	१०
४	वासलात	११
५	नाफा–नोक्सान हिसाव	१२
६	नाफा–नोक्सान बाँडफाँड हिसाव	१३
७	इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण	१४
८	नगद प्रवाह विवरण	१५
९	वासलात र नाफा–नोक्सान हिसावका अनुसूचीहरू	१६-३७
१०	प्रमुख लेखा नीतिहरू	३८
११	लेखा सम्बन्धी टिप्पणीहरू	४१
१२	धितोपत्र निष्काशन निर्देशिका २०६५ को दफा २८ सँग सम्बन्धित विवरणहरु	४७
१३	नेपाल राष्ट्र बैंकद्वारा वित्तीय बिबरण प्रकाशित गर्न दिइएको स्वीकृती पत्र	४९
१४	नेपाल राष्ट्र बैंकद्वारा दिइएको निर्देशन उपर सञ्चालक समितिको प्रतिवद्धता	५०
१५	प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन प्रस्ताव	५१
१६	वित्तिय झलकहरू	५२

छैटौँ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

यस सिटी डेभलपमेन्ट बैंक लिमिटेडको छैटौँ वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत एवं अभिवादन गर्न चाहन्छु। सर्वप्रथम यस बैंकको पहिलो चार वर्षको कार्यकाल पूरा गरि सकेको अवस्थामा आ.व. ०६७/६८ मा सम्पन्न पाँचौँ वार्षिक साधारण सभाबाट मलाई नै विश्वास गरी दोस्रो कार्य अवधिका लागि पुनः निर्वाचित गराई फेरि एक पटक सेवा गर्ने मौका दिनु भएकोमा यस बैंकका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु।

बिगतका वर्षहरूमा यहाँहरूबाट प्राप्त अमुल्य राय सुझाव र सल्लाह समेतलाई मध्यनजर गरी यस वर्षमा गरिएको कार्य सम्पादनबाट प्राप्त उपलब्धिहरू विगतका वर्षहरू भन्दा पनि उत्साहजनक रहेका छन्। आ.व. २०६८/६९ मा भए गरेका समग्र आर्थिक क्रियाकलाप, वासलात तथा नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड, नगद प्रवाह बिबरण तथा अन्य आवश्यक वित्तीय बिबरणहरू सभा समक्ष स्वीकृतीका लागि प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१) आर्थिक वर्ष ०६८/०६९ को बित्तीय झलकः

समग्र वित्तीय झलक सन्तोषजनक रहेता पनि विगतको आ.व. मा वित्तीय क्षेत्रमा धेरै उथल पुथलको वातावरण सृजना हुन गयो। आर्थिक वर्षका पूर्वार्द्धमा तरलता संकुचनका कारण वित्तीय संस्थाहरू बिच व्याजदर निर्धारणमा अस्वस्थ प्रतिष्पर्धाको वातावरण बढ्दै गयो र वर्षको मध्यावधि तिर आईपुग्दा निक्षेप संकलनमा केही सहज स्थितिको सृजना भयो। यसरी आ.व. को अन्तसम्ममा आइपुग्दा निक्षेपमा आएको वृद्धिको तुलनामा लगानीको अवसरको कमीका कारण फेरि बैंकहरूमा अधिक तरलता कायम रही निक्षेप तथा लगानी दुवैको व्याजदर घट्ने क्रम रह्यो। यस अवस्थामा बैंकले समय सापेक्ष आवश्यक अल्पकालीन नीतिहरूमा परिवर्तन गरी संस्थाले आफूलाई एक सक्षम र प्रतिष्पर्धीको रूपमा स्थापना गर्न सक्षम भएको छ। चालु आ.व. को यस बैंकको प्रमुख बित्तीय बिबरणहरू तुलनात्मक रूपमा निम्न बमोजिम रहेको छ :

(रू. हजारमा)

क्र. सं.	विवरण	आर्थिक वर्ष २०६७/६८	आर्थिक वर्ष २०६८/०६९	वृद्धि	
				रकम	प्रतिशत
१.	कुल सम्पत्ति	२,०३६,७०७	२,६९५,९८४	६५९,२७७	३२.३७
२.	कुल निक्षेप	१,७०९,८०८	२,३४०,१५४	६३०,३४६	३६.८७
३.	कुल कर्जा- सापट	१,४१५,६१०	१,८९९,२९९	४०३,६८९	२८.५२
४.	कुल लगानी	३५,२६३	६४,३८२	२९,११९	८२.५८
५.	कुल सञ्चालन मुनाफा (सम्भावित नोक्सानी व्यवस्था अघि)	७९,७५३	८४,०९५	४,३४२	५.४४
६.	कुल खुद मुनाफा	२४,०९१	५२,३६४	२८,२७३	११७.३६
७.	निष्क्रिय कर्जा (NPA) (प्रतिशतमा)	–	७४६	७४६	१००

आर्थिक वर्ष २०६९/७० को प्रथम त्रयमास अर्थात आश्विन मसान्त २०६९ सम्ममा बैंकले रू. २ अर्व ४६ करोड २९ लाख निक्षेप संकलन तथा रू.२ अर्व ७ करोड ३३ लाख लगानी गरी रू. १ करोड ६ लाख संचालन मुनाफा आर्जन गर्न सक्षम भएको छ।

२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिबाट बैंकको कारोवारलाई परेको असर :

आर्थिक परिदृश्य :

नेपाल राष्ट्र बैंकद्वारा जारी आ.व. २०६९।७० को मौद्रिक नीतिमा उल्लेख भए वमोजिम चालु आर्थिक वर्ष २०६८/६९ मा मुलुकको समग्र आर्थिक परिसूचकहरू सन्तोषजनक रहेका छन् । आर्थिक वर्ष २०६८।६९ मा ५ प्रतिशतको अनुमानित आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको अनुमान गरिएको छ र जुन अघिल्ला २-३ वर्षहरूको तुलनामा उच्च रहेको छ । अघिल्ला वर्षहरूको तुलनामा मुद्रास्फीति दर पनि कम रहेको देखाइएको छ जुन ८ प्रतिशतमा रहेको अनुमान गरिएको छ । बिगत् केही समयदेखि शिथिल रहेको शेयर बजार एवम् घर-जग्गा कारोबारमा सुधारको संकेत देखिन थालेको छ । बैंक तथा वित्तीय संस्थाहरूको बचत परिचालनको वृद्धिले वित्तीय प्रणालीको तरलता संकुचन समाप्त भएको छ । कर्जाका ब्याजदरहरू क्रमशः घट्दो क्रममा रहेकाले लगानीको वातावरण थप अनुकूल हुँदै गएको छ । सकारात्मक आर्थिक परिदृश्यको बावजूद पनि उत्पादनमूलक तथा कृषिजन्य क्षेत्रमा अझै अपेक्षित रूपमा कर्जा विस्तार हुन सकेको छैन भने अर्कोतिर मुद्रा बजारमा तरलता सहज हुन थालेकोले छोटो अवधिका ब्याजदरहरू न्यून स्तरमा झरेका छन् ।

शोधनान्तर स्थिति (Balance Of Payment) :

सरकारी राजस्वको वृद्धिदर अघिल्लो वर्षभन्दा बढी रहेको छ भने बजेट घाटा वाञ्छित सीमाभित्रै रहेको छ । अघिल्लो वर्षको तुलनामा निर्यात वृद्धिदर उच्च रहेको छ भने आयातको वृद्धिदर पनि अपेक्षित स्तरमै रहेको छ । उच्च व्यापार घाटाको बावजूद चालू खातामा उल्लेख्य बचत कायम हुनुको साथै शोधनान्तर बचत ऐतिहासिक रहेकोले विदेशी मुद्रा संचिति बढेको छ । आर्थिक वर्ष २०६८/६९ को एघार महिनासम्ममा नेपालको वाह्य क्षेत्र कारोबारमा उल्लेख्य सुधार भई रू. १ खर्ब १३ अर्ब २२ करोडको उच्च शोधनान्तर बचत कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रू. ३३ करोड ५६ लाख शोधनान्तर घाटामा रहेको थियो । विशेषतः विश्व आर्थिक परिदृश्यमा सुधार देखिएको र नेपाली रूपैयाँको मूल्यह्रासबाट निर्यात र विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि हुनुले पनि यस अवधिमा ऐतिहासिक रूपमा उच्च शोधनान्तर बचत कायम हुन सकेको हो ।

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य :

विश्व वित्तीय संकटलाई पछ्याएको विश्वव्यापी आर्थिक संकुचनको प्रभाव क्रमशः कम हुँदै गई आर्थिक सुधारका लक्षणहरू देखिन थाले पनि मूल्य नियन्त्रण, आर्थिक विस्तार एवम् वित्तीय स्थायित्व कायम गर्ने दिशामा विश्व अर्थतन्त्रमा चुनौति र जोखिमहरू अझै विद्यमान छन् । वित्तीय संकटको चपेटामा परेको अमेरिकी अर्थतन्त्रमा क्रमशः सुधार हुँदै गरेको अवस्थामा यूरोपका केही प्रमुख राष्ट्रमा देखिएको नयाँ वित्तीय संकटले विश्वको आर्थिक सुधारको प्रकृयालाई पछाडि धकेली रहेको अवस्था विद्यमान छ । त्यसैगरी, उदीयमान तथा विकासशील मुलुकहरूमध्ये भारतको आर्थिक वृद्धि यो दशकमै सबैभन्दा कम रहनुको साथै चीनको आर्थिक वृद्धि अनुमान भन्दा कम रहेकोले नेपाल पनि यी दुई छिमेकी राष्ट्रको प्रभावित जोखिममा रहेको छ ।

नेपाल राष्ट्र बैंकद्वारा जारी मौद्रिक नीति २०६९/७० को अनुसार विकसित मुलुकहरूको आर्थिक वृद्धि सन् २०११ मा १.६ प्रतिशत रहेकोमा सन् २०१२ मा १.४ प्रतिशत मात्र रहने प्रक्षेपण रहेको छ । विकसित मुलुकहरूमध्ये अमेरिकी अर्थतन्त्र भने अघिल्लो वर्ष १.७ प्रतिशतले बढेको तुलनामा सन् २०१२ मा २.० प्रतिशतले बढ्ने तर यूरो क्षेत्रको उत्पादन सन् २०११ मा १.५ प्रतिशतले बढेको तुलनामा सन् २०१२ मा ०.३ प्रतिशतले घट्ने प्रक्षेपण रहेको छ । उदीयमान तथा विकासशील देशहरूको सन् २०११ मा आर्थिक वृद्धिदर ६.२ प्रतिशत रहेकोमा सन् २०१२ मा ५.६ प्रतिशत हुने प्रक्षेपण रहेको छ । सन् २०११ मा ७.१ प्रतिशतले बढेको भारतीय अर्थतन्त्र सन् २०१२ मा ६.१ प्रतिशतले र सन् २०११ मा ९.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको चिनियाँ अर्थतन्त्र सन् २०१२ मा ८.० प्रतिशतले मात्र बढ्ने प्रक्षेपण रहेको छ ।

३) यस आर्थिक वर्षको उपलब्धि तथा भावी कार्यक्रम :

सदा झैं बैंकले आफ्ना कार्यहरूलाई निरन्तरता दिने क्रममा विगतको आर्थिक वर्षमा सिमित भौगोलिक कार्यक्षेत्रका वावजुद पनि वित्तीय संस्थाको न्यून उपस्थिति रहेको क्षेत्र तनहुँको तुतुरेमा शाखा स्थापना गरिएको सभालाई जानकारी गराउन चाहन्छु । साना

तथा न्यून आय भएका आफ्नो कार्य क्षेत्र भित्रका ग्रामीण तथा कृषि कार्यमा संलग्न जनतालाई मध्यनजर गरी सहज तरिकाले सानो भन्दा सानो कर्जा लगानी तथा निक्षेप संकलन सुविधाका लागि केही शाखा मार्फत् आ.व. २०६७/६८ देखि शुरू लघु वित्त कार्यक्रम मार्फत् हाल बैंकको प्रधान कार्यालय सहित बगर शाखा वाहेक सबै शाखाबाट उक्त सेवा प्रदान गर्दै आएको छ।

गतवर्ष नै साधारण सभाको विशेष प्रस्तावबाट पारित मर्जर र एक्वीजिसनका वारेमा विभिन्न बैंक तथा वित्तीय संस्थासँग विभिन्न चरणमा छलफल भएका छन्। यसरी विभिन्न चरणमा छलफल भए पनि हालसम्म सोको लागि कुनै पनि संस्थासँगको सहकार्यका लागि निर्णय भइ सकेको छैन। आगामी दिनमा पनि उपयुक्त संस्थाहरूसँग मिलेर बैंकलाई अगाडि लैजाने प्रकृयाका लागि सञ्चालक समितिले आफ्नो कार्यलाई निरन्तरता दिनेछ।

बैंकले गत वर्ष प्रदान गरेको २ लाख २० हजार कित्ता वोनस शेयर धितोपत्र बजारमा सूचिकृत समेत भई कारोवार भई रहेको छ भने हामीले यस वर्ष पनि १५ प्रतिशत बोनस र १४ प्रतिशत नगद लाभांश प्रस्ताव गरेका छौं र उक्त प्रस्तावित बोनस वितरण पश्चात् बैंकको कूल चुक्ता पुँजी २५ करोड ३० लाख कायम हुने छ।

बैंकले बिगतको साधारण सभाबाट पारित गरी नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको प्रस्ताव वमोजिम मिति २०६९ आश्विन २८ गते यस बैंकलाई १० जिल्ला कार्यक्षेत्र विस्तार गर्ने इजाजत प्राप्त भएको छ। यस क्रममा नेपाल राष्ट्र बैंक लगायत अन्य नियमनकारी निकायबाट प्राप्त सहयोग र सद्भावका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। अब उप्रान्त बैंकको कार्यक्षेत्र बिगतको ३ जिल्ला कास्की, लमजुङ्ग र तनहुँबाट सिमाना जोडिएका थप स्याङजा, म्याग्दी, पर्वत, चितवन, गोर्खा, वाग्लुङ र मनाङ गरी जम्मा १० जिल्ला कायम भएको छ जस्ले गर्दा मजवुद शाखा संञ्जाल र पर्याप्त कार्यक्षेत्र विना बैंकले आफ्नो व्यवसाय वृद्धि गर्न मुश्किल भएका कारणबाट श्रृजित समस्याहरूको समाधान हुन गई आगामी दिनमा प्रतिष्पर्धी र गुणस्तरीय सेवा प्रदान गर्न बैंक सक्षम हुने विश्वास लिएको छु। आर्थिक बर्ष २०७१/०७२ सम्ममा कार्यक्षेत्र कायम भएका सबै जिल्लाहरूमा कम्तिमा १ वटा शाखा स्थापना गर्ने लक्ष्य लिइएको छ। सरोकारवालाहरू सबैका सहयोगबाट सो लक्ष्य अवश्य नै प्राप्त गरिने विश्वास लिएको छु। साथै बैंकको आफ्नै भवनमा केन्द्रिय कार्यालय संचालन गर्न बैंकले न्यूरोडमा खरीद गरेको जग्गामा भवन निर्माण गर्ने प्रकृयालाई आगामी बर्षदेखि शुरू गरिने छ।

न्यून आयस्तर भएका महिलाहरूलाई लक्षित गरी उनीहरूको सामाजिक तथा आर्थिक जीवनस्तर उकास्ने उद्देश्यले शुरू गरिएको लघुवित्त कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भइ रहेको परिप्रेक्ष्यमा पुरूषहरूलाई पनि लक्षित गरी "युवासँग सिटी" कार्यक्रम सञ्चालन गरिएको छ। सम्भवतः नेपालकै पहिलो यस प्रकारको सामूहिक जमानीमा बिना धितो युवाहरूलाई कर्जा उपलब्ध गराईने कार्यक्रमले युवाहरूको विदेश पलायन हुने क्रमलाई न्यून गरी युवाहरूमा उद्यमशीलताको विकास गर्दै गरीवी निवारणमा पनि टेवा पुऱ्याउने विश्वास लिएको छु।

४. बैंकको कारोबारमा असर पार्ने कुराहरू :

बैंकको कारोवारलाई असर पार्ने विभिन्न किसिमका जोखिमहरू निम्नानुसार रहेका छन् :

- देशमा विद्यमान तरल राजनैतिक अवस्था,
- चर्को लोडसेडिङ्ग र पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिका कारण कार्य सञ्चालन खर्चमा वृद्धि,
- विभिन्न कारणबाट निक्षेपमा भएको वृद्धिको तुलनामा लगानीको अवसरको कमी,
- अस्थिर राजनीतिका कारण देशको समग्र आर्थिक स्थितिमा आउने परिवर्तन,
- शान्ति सुरक्षाको सुनिश्चितताको अभावका कारण लगानी मैत्री वातावरणको अभाव,
- सीमित भौगोलिक कार्य क्षेत्र र शाखा सञ्जालको अपर्याप्तता,
- निक्षेपको व्याज दरमा आएको ह्रासको कारण पूँजी पलायन हुने सम्भावना।
- तीव्र प्रतिष्पर्धा।

५. औद्योगिक तथा व्यवसायिक सम्बन्ध :

आजको प्रतिस्पर्धात्मक समयमा व्यवसायसँग सम्बद्ध सबै पक्ष, बर्ग, तथा क्षेत्रसँग सौहाद्रपूर्ण तथा व्यवसायिक सम्बन्ध कायम राखी रहनु अत्यावश्यक छ जस्ले ग्राहकहरूको आवश्यकता अनुसारका सेवामा गुणस्तरता वृद्धि गर्दै प्रतिष्पर्धात्मक क्षमता कायम राखी राख्न सहयोग पुर्‍याउँछ । बैंकले आफ्ना ग्राहकहरू तथा सरोकारवालाहरूसँग राम्रो सम्बन्ध कायम गर्दै आईरहेको छ ।

६. सञ्चालक समितिमा भएको हेरफेर :

बैंकको गत वर्षको वार्षिक साधारण सभाबाट सञ्चालकहरूमा निम्नानुसरको परिवर्तन गरिएको थियो ।

क्र.सं.	सञ्चालकको नाम	नियुक्ति मिति	पदावधि समाप्त/राजीनामा	कैफियत
१.	श्री कृष्ण वहादुर थापा	२०६५।१।१४	२०६८।९।३०	संस्थापक शेयरधनीहरूका तर्फबाट निर्वाचित सञ्चालकहरूको पदावधि समाप्त भएकोले ।
२.	श्री श्रीकृष्ण रेग्मी	२०६८।९।३०		संस्थापक शेयरधनीहरूका तर्फबाट निर्वाचित

मिति २०६८ पौष ३० गते सम्पन्न पाँचौ वार्षिक साधारण सभाले संस्थापक शेयर धनीको तर्फबाट श्री राजेन्द्र कुमार बाटाजू, प्रितममान बुद्धाचार्य, जयेन्द्र गौचन र श्री कृष्ण रेग्मीलाई सर्वसम्मतिले सञ्चालक समितिमा चयन गरेको थियो । साथै, सञ्चालक श्री कृष्ण बहादुर थापाज्यूले उहाँको कार्यकालमा बैंकलाई पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

७. लेखापरीक्षण प्रतिवेदनमा सञ्चालक समितिको प्रतिक्रिया :

आन्तरीक तथा बाह्य लेखापरीक्षकबाट प्रस्तुत हुने लेखापरिक्षण प्रतिवेदनहरू एवं नेपाल राष्ट्र बैंकबाट प्रस्तुत हुने स्थलगत निरिक्षण प्रतिवेदनमा जटिल प्रकारका त्रुटिहरू नदेखिएता पनि एकै प्रकृतिका गल्तीहरू पुनः दोहोरिन नदिन बैंकमा कार्यरत मानव संसाधनको दक्षतामा अभिवृद्धि गर्न आवश्यक आन्तरिक तथा वाह्य दुवै प्रकारका तालिमको व्यवस्था गरी बैंकको कामलाई चुस्त र दुरूस्त बनाई राख्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

८. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

यस आर्थिक वर्षमा निम्न वमोजिमको लाभांश बाँडफाँडको लागि सिफारिस गरिएको छ ।

क्र.सं.	विवरण	रकम
१.	नगद लाभांश	३,०८,००,०००।००
२.	वोनस शेयर	३,३०,००,०००।००

९. जफत गरिएको शेयर संख्या :

हालसम्म कुनै शेयर जफत गरिएको छैन ।

१०. बैंक र यसको सहायक कम्पनीको कारोवारको प्रगति :

बैंकको हालसम्म कुनै सहायक कम्पनी छैन ।

११. बैंक र यसको सहायक कम्पनी सँगको कारोवार :

हालसम्म केही नभएको ।

१२. बैंकका आधारभूत शेयरधनीले उपलब्ध गराएको जानकारी :

हालसम्म केही नभएको ।

१३. बिगत आर्थिक वर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीले लिएको शेयर स्वामित्वको बिबरण :

बिगतको आर्थिक वर्षमा बैंकले प्रदान गरेको बोनस शेयर वाहेक अन्य शेयर नलिएको ।

१४. बैंकसँग सम्बन्धित् सम्झौताहरूमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ सम्बन्धी जानकारी :

केही जानकारी नरहेको ।

१५. पुनः खरिद गरिएका शेयरहरूको बिबरण :

पुनः खरिद कार्य नभएको ।

१६. आन्तरिक नियन्त्रण व्यवस्था :

आन्तरिक लेखापरीक्षकमा बैंकले नियमित कर्मचारीको रूपमा नियुक्ती गरे पछि दैनिक कारोवार तथा नियमन निकायद्वारा जारी निर्देशनको पालना भए नभएको कुराको प्रत्यक्ष निगरानी गरी आवश्यक सुधारहरूको लागी व्यपस्थापनलाई सुझाव दिने कार्य भइरहेको छ । लेखापरीक्षणको क्रममा त्रैमासिक रूपमा दिइएको प्रतिवेदनको कार्यान्वयन गराउन गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा गठित लेखा समितिले समय समयमा शाखाहरूको स्थलगत भ्रमण गर्ने लगायतका कुराहरूमा प्रत्यक्ष सरोकार राखी सोको समीक्षा सहित आवश्यक कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिने र आफ्नो प्रतिवेदन समिति समक्ष पेश गर्ने गरेको छ । आ.व. २०६८/०६९ मा लेखा समितिको बैठक ४ पटक बसेको थियो ।

१७. कुल व्यवस्थापन खर्च सम्बन्धि विवरण :

कर्मचारी खर्च रू.	१,५०,७४,१८३।१०
सञ्चालन खर्च रू.	२,६७,११,८८८।२९
कुल खर्च रू.	**४,१७,८६,०७१।३९**

१८. लेखापरीक्षण समितिका सदस्यहरूको नाम, उनीहरूले गरेको काम कार्वाहीको विवरण र सुविधा/उनीहरूबाट प्राप्त सुझावहरू :

१. लेखापरीक्षण समितिका सदस्यहरूको नामावली निम्न वमोजिम रहेको छ :

श्री कृष्ण बहादुर थापा (२०६८/९/३० गतेसम्म),	–	संयोजक
श्री श्रीकृष्ण रेग्मी, सञ्चालक (२०६८/१०/९ गतेदेखि)	–	संयोजक
श्री रबिन्द्र नाथ वास्तोला, सञ्चालक	–	सदस्य
श्री शुकदेव वराल, प्रमुख, आन्तरिक लेखापरीक्षण विभाग	–	सदस्य सचिव

२. बैठक भत्ता तथा सुविधा :

आन्तरिक लेखा परीक्षण समितिका संयोजक र सदस्यलाई मात्र प्रति बैठक वापत् रू. १,५००।– का दरले वैठक भत्ता प्रदान गरिएको छ । यस वाहेक कुनै पनि सुविधा उपलब्ध गराइएको छैन ।

३. लेखापरीक्षण समितिले आन्तरिक लेखा परीक्षकले तयार पारिएको प्रतिवेदनको नियमित रूपमा वैठक बसी त्यस प्रतिवेदनमा उठाइएका कैफियतहरूका वारेमा छलफल गर्ने र सञ्चालक समितिमा पेश गरी आवश्यक सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिने र दिईएको निर्देशनहरूको कार्यान्वयनका वारेमा पुनरावलोकन समेत गर्ने गरेको छ । साथै समय समयमा उक्त प्रतिवेदन र यसको कार्यान्वयनका वारेमा भए गरेको प्रगतिको विवरण सञ्चालक समिति समक्ष जानकारी गराउने पनि गरेको छ ।

१९. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजका आफन्त वा उनीहरूसँग सम्बन्धित संस्थाहरूले बैंकलाई बुझाउन बाँकी रकम :

बुझाउन बाँकी केही नभएको ।

२०. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई प्रदान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरण :

क) सञ्चालकहरू :

१.	श्री राजेन्द्र कुमार बाटाजू	-	अध्यक्ष
२.	श्री प्रितममान वुद्धाचार्य	-	सञ्चालक
३.	श्री कृष्ण वहादुर थापा	-	सञ्चालक
४.	श्री श्रीकृष्ण रेग्मी	-	सञ्चालक
५.	श्री जयेन्द्र गौचन	-	सञ्चालक
६.	श्री रविन्द्र नाथ वास्तोला	-	सञ्चालक
७.	श्री कर्म कुमारी गुरूङ्ग	-	सञ्चालक
८.	प्रा.डा. नागेन्द्रलाल श्रीवास्तव	-	सञ्चालक

यस आर्थिक वर्ष भरिमा सञ्चालक समितिको वैठक १२ पटक बसेको छ र सञ्चालकहरूलाई प्रति वैठक भत्ता तथा अन्य सुविधाहरू निम्नानुसार प्रदान गरिएको छ :

प्रति वैठक भत्ता :

अ) अध्यक्ष- रू. २,५००।-

आ) सञ्चालक- रू. २,०००।-

यसरी आ.व. २०६८/०६९ मा वैठक भत्ता वापत सञ्चालकहरूलाई जम्मा रू. १,६३,५००।- भुक्तानी दिइएको छ। यस वाहेक सञ्चालकहरूलाई अरू कुनै सुविधाहरू प्रदान गरिएको छैन ।

ख) प्रमुख कार्यकारी अधिकृत र प्रबन्धकहरूलाई उपलब्ध गराईएका पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू :

क्र.सं.	विवरण	प्रमुख कार्यकारी अधिकृत	प्रबन्धकहरू
१.	तलब तथा भत्ता	१२,९८,४००।००	१७,९३,५२०।००
२.	दशैं भत्ता	१,०८,२००।००	१,४९,४६०।००
३.	सञ्चयकोष योगदान	८०,६४०।००	१,१३,९५२।००
४.	बोनस–प्रचलित बोनस ऐन वमोजिम	५,०७,४५०।००	५,७१,०७१।००
५.	अफिस युनिफर्म	५,५००।००	१६,५००।००
६.	टेलिफोन, मोवाइल	विल वमोजिम	नियम वमोजिम
७.	इन्धन	बिल वमोजिम	छैन
८.	गाडी सुविधा	करार वमोजिम	छैन

माथि उल्लेखित वाहेक कार्यकारी प्रमुख तथा अन्य प्रबन्धकहरूलाई निम्न वमोजिम सुविधाहरू प्रदान गरिएको छ ।

१. दुर्घटना बीमा र औषधि उपचार बीमा बैंकको कर्मचारी विनियमावलीमा उल्लेख गरिए वमोजिम ।

२१. शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकम :

आ.व. २०६८/६९ मा बितरण गरिएको लाभांशबाट शेयरधनीहरूले बुझिलिन बाँकी रकम रू. १,०२१,०२९.५० रहेको छ ।

२२. कम्पनी ऐन २०६३ को दफा १४१ वमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :

त्यस्तो कारोवार नभएको ।

बिबिध :

क) बैंकले सञ्चालन गरेको लघुवित्त कार्यक्रम हाल बैंकको बगर शाखा वाहेक प्रधान कार्यालय सहित सबै शाखाहरू मार्फत् शुरू गरि सकिएको छ र सो कार्यक्रम मार्फत् बैंक लक्षित वर्गसम्म पुग्न सफल भएको छ । नेपाल राष्ट्र बैंकले दिईएको निर्देशन वमोजिम कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने कार्यमा यस प्रकारको लगानीको ठूलो भूमिका रहेको छ ।

ख) सामाजिक उत्तरदायित्व :

बैंकको हरेक वार्षिकोत्सवको समयमा गरिने रक्तदान कार्यक्रम, बैंकका शाखा रहेका क्षेत्रमा अवस्थित उच्च मा.वि. हरूका उत्कृष्ट विद्यार्थीहरूलाई दिइने छात्रवृत्तिका कार्यक्रमहरूलाई बैंकले निरन्तरता दिंदै आईरहेको छ । त्यस्तै विन्दवासिनी धार्मिक क्षेत्र परिसरमा निर्माण गरिएको बगैंचाको संरक्षण कार्यमा पनि निरन्तरता दिंदै आईरहेको छ । त्यसै गरी नेपाल अन्धा कल्याण संघ, समुदायमा आधारित पुनर्स्थापना केन्द्र अन्तर्गत उच्च शिक्षामा अध्ययनरत छात्र छात्राहरूलाई छात्रवृत्ति स्वरूप बैंकले रू.३६,०००।– प्रदान गर्दै आईरहेको छ । समय समयमा समाजमा भइरहने क्यान्सर पिडित, तथा अन्य विरामीहरूलाई उपचार गर्न, वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरू तथा कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि गरिने अर्थ संकलनका कार्यक्रमहरूमा समेत सहयोग गर्दै आईरहेको छ । गत वैशाख महिनामा सेती नदीमा आएको वाढीको कारणले सार्दी खोला गा.वि.स.मा ज्यान गुमाएका तथा घरबास बिहिन बनेकाहरूलाई आर्थिक सहयोग गर्ने कार्यमा अन्नपूर्ण रेडियोसँग सहकार्य गरी राहत संकलन तथा बितरण गरेको छ ।

यी नियमित कार्यक्रमका अलावा सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा समाजमा ठोस योगदान गर्ने उद्देश्यले यस बैंकको पहलमा सिटी वातावराण संरक्षण कोष नामक स्वायत्त सामाजिक संस्थाको स्थापना गरिएको छ । यस संस्थाले आगामी दिनमा वातावरण संरक्षणका क्षेत्रमा कार्यहरू गर्ने छ । यस कोषको सञ्चालनार्थ यस बैंकका सञ्चालक समिति र अन्य उपसमितिहरूको एक वैठक भत्ताको रकम र कर्मचारीहरूको एक दिन वरावरको तलव प्रतिवर्ष जम्मा गर्ने गरिएको छ । साथै बैंकको हरेक आर्थिक वर्षको खुद मुनाफाको ०.२५ प्रतिशत रकम सो कोषमा योगदान गर्ने निर्णय भए बमोजिम यस वर्षदेखि सो कोषमा रकम जम्मा गरिनेछ ।

सामाजिक उत्तरदात्वि बहन कै निरन्तरताका क्रममा बैंकले हालसालै सामाजिक संस्था तथा युवाहरूलाई उनिहरूले समाजमा गरेको विशेष योगदानको उच्च मूल्याङ्कन तथा कदर गर्दै सम्मान कार्यक्रम सम्पन्न गरेको थियो । १०० भन्दा बढी सामाजिक संस्था तथा युवाहरूलाई सम्मान गरिएको उक्त कार्यक्रममा विगत १० बर्षदेखी वातावरण संरक्षण क्षेत्रमा विशेष योगदान पुऱ्याउनु हुने वातावरण पत्रकार श्री कृष्णमणी बराललाई नगद रू १०,०००।०० (दश हजार) सहित सम्मान गरिएको थियो ।

ग) मानव संसाधन :

आजको प्रतिष्पर्धी बजार अनुरूप व्यवहारिक तथा व्यवसायिक सेवा प्रभावकारी रूपमा प्रदान गर्न दक्ष तथा तालिम प्राप्त कर्मचारीको आवश्यक भएको हुँदा बैंकमा कार्यरत कर्मचारीहरूलाई आफ्नो साधन र श्रोतले भ्याएसम्म तालिम तथा जानकारीमूलक गोष्ठीहरूमा सहभागी गराइएको छ । कर्मचारीहरूको मनोवल उच्च राख्न वार्षिक रूपमा कार्य सम्पादन मूल्यांकन फारमका आधारमा तलवमानमा वृद्धि तथा अन्य सुविधाहरू प्रदान गर्दै आइरहेको छ ।

कृतज्ञता ज्ञापन :

लेखापरीक्षण कार्य सम्पन्न गरी बैंकलाई रचनात्मक सुझाव प्रदान गर्ने बाह्य लेखापरीक्षक, लेखा समिति, सल्लाहकार र संस्थापकहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु। साथै हामीलाई प्रतिष्पर्धा र विबिध कठिनाईका वावजुद पनि यस बैंकलाई हालको स्थितिसम्म ल्याई सक्षम बनाउन मद्दत गर्ने वित्तीय संस्थाको मुख्य श्रोतको आधारका रूपमा रहेका ग्राहकवर्गहरू, कर्मचारी मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै विभिन्न नियमनकारी संस्था नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त नीति-निर्देशन तथा सल्लाह, सुझाव एवं योगदानका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु साथै बैंकको शेयर निष्काशन, खरिद र बिक्री लगायत बोनस शेयर तथा नगद लाभांश वितरण सम्बन्धि सम्पूर्ण कार्य कुशलताका साथ सम्पन्न गर्न मद्दत गरेकोमा एस् क्यापिटल लिमिटेडलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद।

राजेन्द्र कुमार बाटाजू
अध्यक्ष,
सञ्चालक समिति
मिति २०६९/०७/२२

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम (१) सँग सम्बन्धित थप विवरण :

१. कानुनी कारवाही सम्बन्धी विवरण :

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनु पर्ने:

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको भए,
त्रैमासिक अवधिमा यस संस्थाले वा यसका विरूद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,
यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,
हालसम्म कुनै पनि संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

२. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको बिश्लेषण :

क) धितोपत्र वजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :

समग्र शेयर बजारको कारोवार विगत केही समयदेखि लगातार घट्दै गएको सन्दर्भमा यस वर्षमा पनि त्यो क्रम निरन्तर रह्यो । सर्वसाधारणले शेयर वजारप्रति ढुक्क भएर लगानी गर्न सक्ने वातावरणको श्रृजना नभएका कारण लगातार ओरालो लागेको शेयर वजार आर्थिक वर्षको तेस्रो त्रयमासको अन्त्य तिरबाट सुधारोन्मुख देखिएको छ । समग्र नेप्सेमा आएको सकरात्मक असर यस बैंकमा पनि परेकोले हाल तुलनात्मक रूपमा हेर्दा यस सिटी डेभलपमेन्ट बैंकको शेयर मल्य तथा कारोवार उत्साहजनक रहेको देखिन्छ । बैंकले लगातार बितरण गर्दै गइरहेको लाभांशको कारण पनि यस बैंक प्रति शेयर लगानीकर्ताहरूको चासो बढेको पाइन्छ ।

ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोवार शेयर सख्या र कारोवार दिन ।
यस आर्थिक वर्षको आषाढमसान्तको त्रयमासमा भएको कारोवार निम्नानुसार प्रस्तुत गरिएको छ :

त्रैमास	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कुल कारोबार संख्या	कुल कारोबार दिन
२०६८ आश्विन	१८५	१३०	१४५	८४४	५६
२०६८ पौष	१६८	१३१	१३१	७८९	५१
२०६८ चैत्र	१३९	१२०	१३९	२४६	४७
२०६९ आषाढ	१७९	१२४	१३५	३३४	४९

BAKER TILLY
DEV ASSOCIATES
CHARTERED ACCOUNTANTS

Patan Dhoka, Durbar Tole
Post Box No. 252, Lalitpur-3,
Bagmati Zone, Nepal
Tel. +977-1-5521-605
Fax +977-1-5520-976
contact@bakertillydev.com
www.bakertillydev.com

श्री सिटी डेभलपमेन्ट बैंक लि.का शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

आ.ब. २०६८/०६९

१. हामीले श्री सिटी डेभलपमेन्ट बैंक लि. को आषाढ ३१, २०६९ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

व्यवस्थापनको दायित्व

२. वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ ।

लेखापरिक्षकको दायित्व

३. व्यवस्थापनले तयार गरेको वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

४. नेपालको लेखापरीक्षणमान तथा प्रचलित लेखापरीक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा सिद्धान्त अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्न पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणको हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

बैंक तथा वित्तीय संस्थाको कुनै शाखाले उक्त बैंक तथा वित्तीय संस्थामा जम्मा भएको निक्षेप वा ऋण लगानीको दुई प्रतिशत वा सो भन्दा बढी रकम संकलन वा ऋण लगानी गरेको भएमा त्यस्तो शाखाको छुट्टै लेखापरिक्षण गर्नुपर्ने भनी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको निर्देशन बमोजिम कम्पनीको सो मापदण्डमा पर्ने शाखाहरुको लेखापरिक्षण गरिएको छ एवं अन्य शाखाहरुको हकमा प्राप्त विवरण हामीले वित्तीय विवरणमा राय प्रदान गर्न पर्याप्त रहेको छ ।

लेखापरिक्षणको राय

५. उपरोक्तानुसार वित्तीय विवरणको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरेका छौं:-

(क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टिकरणहरु पायौं ।

(ख) संलग्न वासलात, नाफा-नोक्सान हिसाब कम्पनीले राखेका हिसाब किताबसंग दुरुस्त रहेका छन् ।

(ग) कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानून र प्रचलन अनुसार ठीकसंग राखेको छ ।

(घ) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणबाट, कम्पनीको संचालक समिति वा कम्पनीका कुनै कर्मचारीले कानूनी व्यवस्था विपरित काम गरेको वा कम्पनीलाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको वा नेपाल राष्ट्र बैंकका निर्देशनहरु उल्लंघन गरी यसका ग्राहकहरुको हित र सुरक्षा विरुद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीको प्राथमिक पुँजी एवं पुँजी कोष नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त रहेको छ ।

६. हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा संलग्न लेखा नीतिहरु र लेखा सम्बन्धी टिप्पणीलाई साथै अध्ययन गर्दा:

(क) वासलातले कम्पनीको आषाढ ३१, २०६९ को आर्थिक अवस्था

(ख) नाफा नोक्सान हिसाबले उक्त मितिमा समाप्त अवधिको संचालन नतिजा,

(ग) नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त अवधिको नगद प्रवाह, तथा

(घ) इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणले उक्त मितिमा समाप्त अवधिको इक्वीटीमा भएको परिवर्तन को, उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

Dev Associates Lalitpur Nepal Chartered Accountants

मुकुन्द देव अधिकारी, एफ.सि.ए
साझेदार
नि. देव एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्टस्

भाद्र १७, २०६९
स्थान काठमाडौं

an independent member of BAKER TILLY INTERNATIONAL

Dev Associates is registered with Institute of Chartered Accountants of Nepal as a partnership firm. Dev Associates is part of a network of firms which is a member of the Firms of Firms

वासलात

३१ आषाढ २०६९ (१५ जुलाई २०१२)

क्र.सं.	पूँजी तथा दायित्व	अनुसूची	यस वर्ष रू.	गत वर्ष रू.
१.	शेयर पूँजी	४.१	२५३,०००,०००।००	२२०,०००,०००।००
२.	जगेडा तथा कोषहरू	४.२	२८,०२९,७३५।०९	३४,६६५,९२६।७०
३.	ऋणपत्र तथा बण्ड	४.३	-	-
४.	तिर्न बाँकी कर्जा सापट	४.४	-	२०,०००,०००।००
५.	निक्षेप दायित्व	४.५	२,३४०,१५३,५३९।५७	१,७०९,८०७,९६२।०८
६.	भुक्तानी दिनुपर्ने बिलहरू	४.६	४,६८२,६२३।४२	४,५९८,५६८।९७
७.	प्रस्तावित नगद लाभांश		३३,०००,०००।००	२०,०००,०००।००
८.	आयकर दायित्व		-	१,८६७,३४३।४८
९.	अन्य दायित्व	४.७	३७,११७,९४२।८५	२५,७६६,८०४।४६
	कुल पूँजी तथा दायित्व		२,६९५,९८३,८४०।९३	२,०३६,७०६,६०५।६९

क्र.सं.	सम्पत्ति	अनुसूची	यस वर्ष रू.	गत वर्ष रू.
१.	नगद मौज्दात	४.८	४८,२४८,३६५।००	४६,२८१,५८४।००
२.	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	४.९	१२४,७१०,९३९।५१	८०,८८६,८६५।२३
३.	बैंक/वित्तीय संस्थामा रहको मौज्दात	४.१०	५८५,९३६,६८३।३४	४१८,५५७,८६२।०४
४.	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	४.११	-	-
५.	लगानी	४.१२	६४,३८१,८४०।०३	३५,२६३,१२०।९७
६.	कर्जा सापट तथा बिल खरीद	४.१३	१,७९९,६८९,०२६।३८	१,४००,६८२,३५५।७६
७.	स्थिर सम्पत्ति	४.१४	३६,९२०,९१३।५९	३८,६६२,८३६।२५
८.	गैर बैकिङ सम्पत्ति	४.१५	-	-
९.	अन्य सम्पत्ति	४.१६	३६,०९६,०७३।०८	१६,३७१,९८१।४४
	कुल सम्पत्ति		२,६९५,९८३,८४०।९३	२,०३६,७०६,६०५।६९

१.	**संभावित दायित्व**	**अनुसूची ४.१७**
२.	**सञ्चालकहरूको घोषणा**	**अनुसूची ४.२९**
३.	**पूँजीकोष तालिका**	**अनुसूची ४.३०**
४.	**जोखिम भारित सम्पत्ति विवरण तालिका**	**अनुसूची ४.३० (क)**
५.	**प्रमुख सूचकाङ्कहरू**	**अनुसूची ४.३१**
६.	**प्रमुख लेखा नीतिहरू**	**अनुसूची ४.३२**
७.	**लेखा सम्बन्धी टिप्पणीहरू**	**अनुसूची ४.३३**

नोट : ने.रा.बैं. निर्देशन अनुसूची ४.१ देखि ४.१७ एवं ४.२९ देखि ४.३३ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अङ्ग हुन् ।

माधब प्रसाद अधिकारी	विश्व मोहन अधिकारी	राजेन्द्र कुमार बाटाजू	प्रितममान बुद्धाचार्य	जयेन्द्र गौचन
लेखा प्रबन्धक	प्रमुख कार्यकारी अधिकृत	अध्यक्ष	सञ्चालक	सञ्चालक

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार
मुकुन्द देव अधिकारी (एफ.सि.ए).
साझेदार
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

श्रीकृष्ण रेग्मी	रविन्द्रनाथ बास्तोला	कर्म कुमारी गुरूङ	प्रा.डा.नागेन्द्रलाल श्रीवास्तव
सञ्चालक	सञ्चालक	सञ्चालक	सञ्चालक

नाफा/नोक्सान हिसाब

१ श्रावण २०६८ (१७ जुलाई २०११) देखि ३१ आषाढ २०६९ (१५ जुलाई २०१२) सम्म

क्र.सं	विवरण	अनुसूची	यस वर्ष रू.	गत वर्ष रू.
१.	ब्याज आम्दानी	४.१८	३०२,७११,१७७।१२	२४४,५८२,६८८।६५
२.	ब्याज खर्च	४.१९	१९९,४०२,४४९।४०	१५०,२३२,५४२।०९
	खुद ब्याज आम्दानी		**१०३,३०८,७२७।७२**	**९४,३५०,१४६।५६**
३.	कमिशन तथा डिस्काउण्ट	४.२०	८,४६९,२९६।५२	७,३२६,८२५।८६
४.	अन्य सञ्चालन आम्दानी	४.२१	१४,०८८,२९५।००	१०,७८३,२८९।०३
५.	सटही घटबढ आम्दानी	४.२२	१४,२५०।००	११,०८३।४५
	कुल सञ्चालन आम्दानी		**१२५,८८०,५६९।२४**	**११२,४७१,३४४।९०**
६.	कर्मचारी खर्च	४.२३	१५,०७४,१८३।१०	११,३१०,९८८।१२
७.	अन्य सञ्चालन खर्च	४.२४	२६,७११,८८८।२९	२१,४०७,३३४।७६
८.	सटही घटबढ नोक्सान	४.२२	-	-
	संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		**८४,०९४,४९७।८५**	**७९,७५३,०२२।०२**
९.	सम्भावित नोक्सानी व्यबस्थाहरू	४.२५	१४,३९०,९३१।५६	२९,१९१,७९९।२२
	सञ्चालन मुनाफा		**६९,७०३,५६६।२९**	**५०,५६१,२२२।८०**
१०.	गैर सञ्चालन आम्दानी/नोक्सान	४.२६	१९९,१९२।९२	-
११.	सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता	४.२७	५००,०००।००	-
	नियमित कारोवारबाट भएको मुनाफा		**७०,४०२,७५९।२१**	**५०,५६१,२२२।८०**
१२.	असामान्य कारोबारबाट भएको मुनाफा/खर्च	४.२८	-	-
	सम्पूर्ण कारोवार समावेश पछिको खूद मुनाफा		**७०,४०२,७५९।२१**	**५०,५६१,२२२।८०**
१३.	कर्मचारी बोनस व्यबस्था		६,४००,२५०।८४	४,५९६,४७४।८०
१४.	आयकर व्यबस्था			
	● यस वर्षको कर व्यबस्था		१२,५११,९७६।३८	२२,१५७,३०३।५०
	● बिगत बर्षसम्मको कर व्यबस्था		१७४,१२६।५१	४२०,०६४।०१
	● यस बर्षको स्थगन कर आम्दानी/खर्च		(१,०४७,४०२।९१)	(७०३,७८९।६८)
	खुद नाफा/नोक्सान		**५२,३६३,८०८।३९**	**२४,०९१,१७०।१७**

नोट : ने.रा.बैं. निर्देशन अनुसूची ४.१८ देखि ४.२८ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसाबका अभिन्न अङ्ग हुन् ।

माधब प्रसाद अधिकारी	विश्व मोहन अधिकारी	राजेन्द्र कुमार बाटाजू	प्रितममान बुद्धाचार्य	जयेन्द्र गौचन
लेखा प्रबन्धक	प्रमुख कार्यकारी अधिकृत	अध्यक्ष	सञ्चालक	सञ्चालक

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार
मुकुन्द देव अधिकारी (एफ.सि.ए).
साझेदार
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

श्रीकृष्ण रेग्मी	रविन्द्रनाथ बास्तोला	कर्म कुमारी गुरूङ	प्रा.डा.नागेन्द्रलाल श्रीवास्तव
सञ्चालक	सञ्चालक	सञ्चालक	सञ्चालक

नाफा/नोक्सान बाँडफाँड हिसाब

१ श्रावण २०६८ (१७ जुलाई २०११) देखि ३१ आषाढ २०६९ (१५ जुलाई २०१२) सम्म

क्र.सं.	विवरण	यस वर्ष रू.	गत वर्ष रू.
	आम्दानी		
१.	गत वर्षसम्मको संचित मुनाफा	१८,७६१,८९५।५३	४०,१९२,७४९।०७
२.	यस वर्षको मुनाफा	५२,३६३,८०८।३९	२४,०९१,१७०।१७
३.	सटही घटबढ कोष	-	-
	जम्मा	**७१,१२५,७०३।९२**	**६४,२८३,९१९।२४**
	खर्च		
१.	गत वर्षसम्मको संचित नोक्सान (गत बर्षको प्रस्तावित लाभांसबाट फिर्ता)	(७,०००,०००।००)	-
२.	यस वर्षको नोक्सान	-	-
३.	साधारण जगेडाकोष	१०,४७२,७६१।६८	४,८१८,२३४।०३
४.	भैपरी आउने जगेडा	-	-
५.	संस्था बिकास कोष	-	-
६.	लाभांश समिकरण कोष	-	-
७.	कर्मचारी सम्बन्धी जगेडाहरू	-	-
८.	प्रस्तावित लाभांश	३३,०००,०००।००	२०,०००,०००।००
९.	प्रस्तावित बोनस शेयर जारी	३३,०००,०००।००	२०,०००,०००।००
१०.	विशेष जगेडा कोष	-	-
११.	सटही घटबढ कोष	-	-
१२.	पूँजी फीर्ता जगेडा कोष	-	-
१३.	पूँजी समायोजन कोष	-	-
१४	स्थगन कर जगेडा	१,०४७,४०२।९१	७०३,७८९।६८
१५.	लगानी समायोजन कोष	५८४,०३४।७४	
	जम्मा	**७१,१०४,१९९।३३**	**४५,५२२,०२३।७१**
	सञ्चित मुनाफा/(नोक्सान)	**२१,५०४।५९**	**१८,७६१,८९५।५३**

माधब प्रसाद अधिकारी
लेखा प्रबन्धक

विश्व मोहन अधिकारी
प्रमुख कार्यकारी अधिकृत

राजेन्द्र कुमार बाटाजू
अध्यक्ष

प्रितममान बुद्धाचार्य
सञ्चालक

जयेन्द्र गौचन
सञ्चालक

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार
मुकुन्द देव अधिकारी (एफ.सि.ए).
साझेदार
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

श्रीकृष्ण रेग्मी
सञ्चालक

रविन्द्रनाथ बास्तोला
सञ्चालक

कर्म कुमारी गुरूङ
सञ्चालक

प्रा.डा.नागेन्द्रलाल श्रीवास्तव
सञ्चालक

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

आर्थिक बर्ष २०६८/०६९

विवरण	शेयर पूँजी	सञ्चित नाफा नोक्सान	साधारण जगेडा कोष	पूँजीगत जगेडा कोष	शेयर प्रिमियम	सटही घडबढ कोष	स्थगन कर जगेडा	अन्य जगेडा कोष	कुल रकम
शुरू मौज्दात	२२०,०००,०००।००	१८,७६१,८९५।५३	१४,९५२,५१६।३९	-	-	-	-	-	२५३,७१४,४११।९२
स्थगन कर	-	-	-	-	-	-	९५१,५१४।७८	-	९५१,५१४।७८
समायोजन गत बर्षको प्रस्तावित लाभांसबाट फिर्ता	-	७,०००,०००।००	-	-	-	-	-	-	७,०००,०००।००
समायोजित शुरू मौज्दात	२२०,०००,०००।००	२५,७६१,८९५।५३	१४,९५२,५१६।३९	-	-	-	९५१,५१४।७८	-	२६१,६६५,९२६।७०
समायोजन									
यस वर्षको खुद नाफा	-	५२,३६३,८०८।३९	-	-	-	-	-	-	५२,३६३,८०८।३९
साधारण जगेडा कोषमा गरिएको रकमान्तर	-	(१०,४७२,७६१।६८)	१०,४७२,७६१।६८	-	-	-	-	-	-
लाभांश घोषणा	-	(३३,०००,०००।००)	-	-	-	-	-	-	(३३,०००,०००।००)
शेयर पूंजी निश्काशन	३३,०००,०००।००	(३३,०००,०००।००)	-	-	-	-	-	-	-
लगानी समायोजन कोष	-	(५८४,०३४।७४)	-	-	-	-	-	५८४,०३४।७४	-
स्थगन कर जगेडा	-	(१,०४७,४०२।९१)	-	-	-	-	१,०४७,४०२।९१	-	-
अन्तिम मौज्दात	२५३,०००,०००।००	२१,५०४।५९	२५,४२५,२७८।०७	-	-	-	१,९९८,९१७।६९	५८४,०३४।७४	२८१,०२९,७३५।०९

माधब प्रसाद अधिकारी
लेखा प्रबन्धक

विश्व मोहन अधिकारी
प्रमुख कार्यकारी अधिकृत

राजेन्द्र कुमार बाटाजू
अध्यक्ष

प्रितममान बुद्धाचार्य
सञ्चालक

जयेन्द्र गौचन
सञ्चालक

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार
मुकुन्द देव अधिकारी (एफ.सि.ए).
साझेदार
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

श्रीकृष्ण रेग्मी
सञ्चालक

रविन्द्रनाथ बास्तोला
सञ्चालक

कर्म कुमारी गुरूङ
सञ्चालक

प्रा.डा. नागेन्द्रलाल श्रीवास्तव
सञ्चालक

नगद प्रवाह विवरण

१ श्रावण २०६८ (१७ जुलाई २०११) देखि ३१ आषाढ २०६९ (१५ जुलाई २०१२) सम्म

क्र.सं.	विवरण	यस वर्ष रू.	गत वर्ष रू.
(क)	**कारोवार सञ्चालनबाट नगद प्रवाह**	**२७०,५३३,१७१।२५**	**१५९,३६०,०५५।४७**
१.	**नगद प्राप्ति**	३२३,२२३,५६६।५९	२६१,८१०,१९९।३२
१.१	व्याज आम्दानी	३००,६५१,७२५।०७	२४३,६८९,०००।९८
१.२	कमिशन तथा डिष्काउण्ट आम्दानी	८,४६९,२९६।५२	७,३२६,८२५।८६
१.३	विदेशी विनिमय कारोवारबाट आम्दानी	१४,२५०।००	११,०८३।४५
१.४	अपलेखित कर्जाको असुली	-	-
१.५	अन्य आम्दानी	१४,०८८,२९५।००	१०,७८३,२८९।०३
२.	**नगद भुक्तानी**	**२४१,६६६,२०६।११**	**१९८,०१८,८०१।९२**
२.१	व्याज खर्च	१९३,३८८,८९९।६०	१५०,२३२,५४२।०९
२.२	कर्मचारी खर्च	१४,२३९,३४४।९५	११,३१०,९८८।१२
२.३	कार्यालय सञ्चालन खर्च	१९,१९६,४९१।५७	१४,८६७,९००।१६
२.४	आयकर भुक्तानी	१४,८४१,४६९।९९	२१,६०७,३७१।५५
२.५	अन्य खर्च	-	-
	कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह	**८१,५५७,३६०।४८**	**६३,७९१,३९७।४०**
	सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(बृद्धि)	**(४०६,५५६,३२०।७७)**	**(२१३,५८२,५९३।९५)**
१.	माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि)	-	-
२.	अन्य अल्पकालिन लगानीमा कमी/(बृद्धि)	१५,४२१,२०४।२९	५९,१७३,७५८।०५
३.	कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि)	(४०३,६८९,०१८।८३)	(२७९,०३६,४६५।६०)
४.	अन्य सम्पत्तिमा कमी/(बृद्धि)	(१८,२८८,५०६।२३)	६,२८०,११३।६०
	सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/बृद्धि	**५९५,५३२,१३१।५४**	**३०९,१५१,२५२।०२**
१.	निक्षेप दायित्वमा (कमि)/बृद्धि	६३०,३४५,५७७।४९	२८२,४६३,३५८।९४
२.	सर्टिफिकेट अफ डिपोजिटमा (कमि)/बृद्धि	-	-
३.	अल्पकालिन सापटीमा (कमी)/बृद्धि	(२०,०००,०००।००)	२०,०००,०००।००
४.	अन्य दायित्वमा (कमी)/बृद्धी	(२,८३४,४७५।४५)	६,६८७,८९३।०८
५.	लाभांश भुक्तानी	(११,९७८,९७०।५०)	-
(ख)	**लगानी कारोवारमा नगद प्रबाह**	**(५७,३६३,४९४।६७)**	**(२,६०१,३४०।१५)**
१.	दीर्घकालिन लगानीमा कमी/(बृद्धि)	(५४,३२४,९५१।९७)	-
२.	स्थिर सम्पत्तिमा कमी/(बृद्धि)	(४,३९२,४२५।५८)	(३,४९५,०२७।८२)
३.	दीर्घकालिन लगानीमा व्याज आम्दानी	१,१७४,३५६।६३	८९३,६८७।६७
४.	लाभांश आम्दानी	१७९,५२६।२५	-
५.	अन्य	-	-
(ग)	**वित्तीय श्रोत कारोवारबाट नगद प्रबाह**	-	-
१.	दीर्घकालिन ऋण (वण्ड, डिवेन्चर आदि) मा बृद्धि/(कमी)	-	-
२.	शेयर पूँजीमा बृद्धि/(कमी)	-	-
३.	अन्य दायित्वमा बृद्धि/(कमी)	-	-
४.	नेपाल राष्ट्र बैंकबाट प्राप्त सहूलियत/पूनरकर्जामा बृद्धि/(कमी)	-	-
(घ)	नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च	-	-
(ङ)	**यस वर्षको सम्पुर्ण गतिविधिबाट नगद प्रवाह**	**२१३,१६९,६७६।५८**	**१५६,७५८,७१५।३२**
(च)	**नगद तथा बैकमा रहेको शूरू मौज्दात**	**५४५,७२६,३११।२७**	**३८८,९६७,५९५।९५**
(छ)	**नगद तथा बैकमा रहेको अन्तिम मौज्दात**	**७५८,८९५,९८७।८५**	**५४५,७२६,३११।२७**

माधब प्रसाद अधिकारी	विश्व मोहन अधिकारी	राजेन्द्र कुमार बाटाजू	प्रितममान बुद्धाचार्य	जयेन्द्र गौचन
लेखा प्रबन्धक	प्रमुख कार्यकारी अधिकृत	अध्यक्ष	सञ्चालक	सञ्चालक

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार
मुकुन्द देव अधिकारी (एफ.सि.ए).
साझेदार
देव एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

श्रीकृष्ण रेग्मी	रविन्द्रनाथ बास्तोला	कर्म कुमारी गुरूङ	प्रा.डा.नागेन्द्रलाल श्रीवास्तव
सञ्चालक	सञ्चालक	सञ्चालक	सञ्चालक

शेयर पूँजी तथा स्वामित्व

३१ आषाढ २०६९ (१५ जुलाई २०१२)

ने.रा.बैं. निर्देशन अनुसूची ४.१

क्र.सं.	विवरण	यस वर्ष रू.	गत वर्ष रू.
१	**शेयर पूँजी**	-	-
१.१	अधिकृत पूँजी	४००,०००,०००।००	४००,०००,०००।००
	(क) ४०,००,००० साधारण शेयर प्रति शेयर रू. १०० ले	४००,०००,०००।००	४००,०००,०००।००
	(ख) ..... नन्‌रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ..... ले	-	-
	(ग) ..... रिडिमेवल प्रिफरेन्स शेयर रू. ..... ले	-	-
१.२	जारी पूँजी	२२०,०००,०००।००	२००,०००,०००।००
	(क) २२,००,००० साधारण शेयर प्रति शेयर रू. १०० ले	२२०,०००,०००।००	२००,०००,०००।००
